नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रहरी कार्यालय
घोराही, दाङ

कन्ट्रोल: १००
फोन: ०८२-५६०१९९, ०८२-५६२३६३, ९८५७८९०१०१
ईमेल:- dpodang@nepalpolice.gov.np, dpodang2018@gmail.com

प्रेश नोट

## अविरल वर्षाका कारण दाङ जिल्लाको विभिन्न स्थानमा भएको क्षतिको विवरण

१. **चङगुवा,दाङ घर डुबानमा परेको:-** मिति २०८०।०४।०९ गते अन्दाजी ०८:०० बजे जिल्ला दाङ राजपुर गा.पा.५ भुर्किहवा स्थित अबिरल बर्षाका कारण राप्ती नदि बढ्न गई उक्त स्थानमा रहेका अं.१०/१२ वटा घर डुबानमा परेको भन्ने खबर प्राप्त हुना साथ उक्त स्थानमा प्रहरी चौकी चङगुवा बाट प्रहरी टोली खटि गई उद्धार गरेको र मानबिय तथा पशु चौपायाको क्षति नभएको ।

२. **बेला, दाङ वर्षाको कारण घर भत्केको:-** मिति २०८०।०४।०८ गते राती देखि परेको अबिरल वर्षाको कारण राजपुर गा.पा.२ बेला बस्ने वर्ष अं.३०/३२ कि पुष्पा नेपालीको एक तले खरले छाएको कच्ची घरको एकातिरको भित्ता आज ९ गते बिहान अं.१०:०० बजे भत्केको, अन्य क्षति नभएको, निजहरुलाई छिमेकी ग्वाते कुमालको घरमा सारिएको, उक्त स्थानमा प्रहरी चौकी वेलाबाट प्रहरी टोली खटि गई उद्धार गरेको ।

३. **कोठरी, दाङमा स्कारपिओ गाडीलाई खोलाले बगाएको:-** मिति २०८०।०४।०९ गते अन्दाजी १०:४० बजे जिल्ला दाङ तुलसीपुर उ.म.न.पा.१४ जनकपुर स्थित सौडियार सर्रा सडक खण्डमा पर्ने सोता खोलाले तुलसीपुरबाट घोराही तर्फ आउँदै गरेको बा ११ च ९५११ नं.को स्कारपिओ गाडीलाई बगाएको भन्ने खबर प्राप्त हुना साथ अ.प्र.पोष्ट कोठरी र अ.प्र.पोष्ट दलजितपुर दाङबाट प्रहरी टोली खटिई चालकलाई सकुशल उद्धार गरिएको गाडी बगाएर अं.१०/१५ मिटर तल लगेको स्कारपिओ गाडीलाई १३:३० बजे निकालिएको ।

४. **लमही,दाङ वर्षाको कारण घर डुबानमा परेको: -** मिति २०८०।०४।०९ गते अन्दाजी ११:३५ बजे जिल्ला दाङ लमही न.पा.१ सुनडबरी र ऐ.३ कान्तिपुरमा अविरल बर्षाका कारण निम्न व्यक्तिहरुको घर डुवान भएको भनि खबर प्राप्त हुनासाथ व.प्र.का.लमही बाट प्र.नि.शकर श्रेष्ठको कमाण्डमा १० जनाको टोली खटि गएको ।

**निम्न:-**

**क)** जि.दाङ लमही न.पा.१ सुनडबरी बस्ने बर्ष ७० को निम बहादुर सार्कीको फुसले छाएको १ तले कच्ची घरमा पानी पसेको, निजको २ जनाको परिवारलाई उद्धार गरी छोरा छबे सार्कीको घरमा राखिएको ।

**ख)** ऐ.३ कान्तीपुर बस्ने बर्ष ३६ को राम बहादुर कुमालको १ तले पक्की घरमा पानी पसेको, निजको परिवार घरको छतमा रहेको,उद्धार गर्ने कार्य भईरहेको ।

**ग )** ऐ.ऐ.बस्ने बर्ष ४० को सुशिल कुमालको २ तले कच्ची घरमा पानी पसेको (पानी पस्नु भन्दा पहिले नै सुरक्षित ठाउमा गएका) ।

**घ)** ऐ.ऐ.बस्ने बर्ष ६० को दयाराम चौधरीको २ तले कच्ची घरमा पानी पसेको (पानी पस्नु भन्दा पहिले नै सुरक्षित ठाउँमा गएका) ।

**५. गढवा, दाङ बाढी आएर बाटो अवरुद्ध भएको**:-मिति २०८०।०४।०९ गते बिहान देखि परेको अबिरल वर्षाको कारण कालाकाटे देखि गोबडिया हुँदै गढवा सम्मको हुलाकी सडक खण्डका विभिन्न स्थानमा बाढी आई लेदो खसेर बाटो अवरुद्ध भएको, उक्त स्थानमा अ.प्र.पोष्ट कालाकाटेबाट प्र.स.नि.नेत्रलाल के.सी (९८६८९८६७४८ ) को कमाण्डमा ३ जना र प्र.चौ.गोबडीया बाट प्र.स.नि.कमल बन्जाडेको कमाण्डमा ४ जनाको टोली खटिएको ।

बेला -लमही सडक खण्डमा राप्ती नदीमा आएको बाढी,बेला-गढवा सडक खण्ड चन्दनपुर खोलामा आएको बाढीले अवरुद्ध भएको, उक्त स्थानमा ई.प्र.का.गढवा दाङबाट प्र.नि.नविन वली (९८५१२९४९१९) को कमाण्डमा ५ जनाको टोली खटि गएको।

मिति २०८०।०४।९गते।

प्रवक्ता एंव सूचना अधिकारी
(राजन कुमार गौतम)
प्रहरी नायव उपरीक्षक